नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो
(अ.अ. तथा कारवाही शाखा)

फोन: ०१-४५११७७६
लाजिम्पाट, काठमाडौं

मिति:२०८३/०६/२० गते ।

ने.सं. ११४६

## " जाहेरी दरखास्त दिने सम्बन्धी अत्यन्त जरुरी सूचना "

उपर्युक्त सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (हेलो सरकार शाखा) को च.नं.१५८०, मिति २०८३।०६।०१ गतेको पत्र तथा मिति २०८३/०६/०१ गतेको विमल पराजुलीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भरत प्रसाद चौलागाई समेत भएको **ठगी तथा आपराधिक विश्वासघात** सम्बन्धी कसूर र संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा अनुसन्धानको क्रममा प्रस्तुत मुद्दाको वारदातमा संलग्न भरत प्रसाद चौलागाई समेतका प्रतिवादीहरुले एक आपसमा मिलोमतो गरी नेपाल सरकार र इजरायल सरकारबिच 'G to G' (Government to Government) प्रक्रिया अन्तर्गत इजरायलको विशिष्ट श्रम बजारमा केयरगिभर (Caregiver) रोजगारीका लागि सन् २०२४ मा सञ्चालित परीक्षामा कुल ३,४६१ जना परीक्षार्थीहरू उत्तीर्ण (Approved) भई प्रतिक्षा सूची (Hold) मा रहेका जाहेरवाला समेतका पीडितहरुको विवशता, मानसिक तनाव र वैदेशिक रोजगारीको तीव्र आकाङ्क्षाको अनुचित फाइदा उठाउँदै आपराधिक गिरोहले योजनाबद्ध रूपमा प्रधानमन्त्रीको प्रमुख सल्लाहकारसँग चिनजान रहेको भनी प्रतिक्षा सूचीमा रहेका ११५२ जनामध्ये पहिलो चरणमा १५६ जना पीडित युवाहरूलाई लक्षित गरी मन्त्रिपरिषद् (क्याबिनेट) बाट विशेष निर्णय गराई तत्काल इजरायल पठाइदिने झुट्टा आश्वासन दिई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको फर्जी कागजात देखाई योजनाबद्ध रुपमा **रु.२,५०,०००,००/- (अक्षेरुपी दुई करोड पचास लाख रुपैयाँ)** भन्दा बढी रकम ठगी गरेको भन्ने पीडितहरुले दिएको जाहेरी दरखास्त यस ब्यूरोमा मुलुकी अपराध संहिता, २०७४ को ठगी, आपराधिक विश्वासघात सम्बन्धी र संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा दर्ता भई प्रतिवादीहरु जिल्ला रामेछाप, सुनापति गा.पा. वडा नं.१ बस्ने वर्ष ५९ को **भरत प्रसाद चौलागाई समेत ४ जनालाई** पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भई रहेकोले उक्त प्रकरणमा विभिन्न किसिमले झुक्यानमा पारी निज प्रतिवादीहरुबाट ठगिएका पीडित व्यक्तिहरुलाई यथाशिघ्र यस ब्यूरोमा जाहेरी दरखास्त दिन हुन अनुरोध गरिएको छ ।

(अनुपम शमशेर ज.व.रा. )
प्रहरी वरिष्ठ उपरीक्षक